फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७७/०७८
चलानी नं. ९०

मिति : २०७७/०४/०४

श्री सबै वडा कार्यालयहरु (१-१४)
रेसुङ्गा नगरपालीका

**बिषय: न्युनतम रोजगारीमा संलग्न हुनका लागि निबेदन दिने बारे सूचना ।**

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राप्त पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी वर्ष ०७७/७८ मा रोजगार सेवा केन्द्रको समन्वयनमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्बजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७७ श्रावण ८ गते देखि २०७७ भदौ ७ सम्म सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुन निबेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ , साथै मापदण्डमा नपरेका र विबरण पुरा नभएका फारमहरू वडा कार्यालयले दर्ता नगर्नु हुन अनुरोध छ । साथै निबेदन को संशोधित ढाँचा यसै पत्र साथ संग्लग्न गरीएको छ ।

आबस्यक मापदण्डहरु

- बेरोजगार नेपाली नागरिक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको हुनु पर्ने ।
- निबेदन साथ नागरिकताको प्रतिलिपि एक प्रति र फोटो एक प्रति ।
- बेरोजगार व्यक्ति सोहि वडाको स्थायी बासिन्दा हुनु पर्ने ।
- अन्यत्र बाट बसाई सुराई गरेको हकमा बसाईसाराई प्रमाणपत्रको प्रतिलिपि समावेस गर्नु पर्ने ।
- निवेदन दिएको मिति सम्म साबिक आर्थिक वर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
- निवेदन दिएको मिति सम्म साबिक आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्युनतम १०० दिन रोजगारी प्राप्त वापत गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय भन्दा कम भएको ।

पुनश्च फारममा उल्लेखित सम्पूर्ण बिबरणहरु (परिबारका सदस्यको समेत सबै बिबरण जस्तैः पारिबारिक सख्या, नाम जन्म मिति, नागरिकता न., जारी मिति , जारी जिल्ला, बार्षिक आय, रोजगारीको अवस्था, सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको अथवा नलिएको आदि) अनिबार्य रुपमा भर्नुपर्ने छ । अधुरो फारम मान्य हुने छैन ।

(भक्तिराम मरासिनी)
प्रमुख प्रशासकीय अधिकृत